नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८१/०८२

चलानी नं.:- ३२

मितिः-२०८१/०४/२४

ने.सं.११४४ गुँलाथ्व ०४

विषयः- अन्तराष्ट्रिय युवा दिवस, २०२४ मनाउने सम्बन्धमा।

श्री स्थानीय तह (सबै)।

युवा तथ खेलकुद मन्त्रालय अन्तर्गत राष्ट्रिय युवा परिषद्को च.नं. ५५ मिति २०८१/०४/२१ को अन्तराष्ट्रिय युवा दिवस, २०२४ मनाउने सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(प्रकाश पन्थी)

शाखा अधिकृत

बोधार्थः

श्री राष्ट्रिय युवा परिषद्, सानोठिमी, भक्तपुर।

श्री सूचना तथा प्रविधि शाखाः-Website मा Upload गरिदिनुहुन।

संघीय मा.म.

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय

# राष्ट्रिय युवा परिषद

सानोठिमी, भक्तपुर, नेपाल

(.............................................शाखा)

राष्ट्रिय युवा परिषद्-नेपाल
२०७२
सानोठिमी, भक्तपुर

प.सं.: ०८१/८२
च.नं.: ५४

मिति: २०८१/०४/२१
ने सं ११४४ गुँलाथ्वा प्रतिपदा

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ३९५
दर्ता मिति:- ४/२३

से.शा.म.
५६
४/२४

विषय :- अन्तर्राष्ट्रिय युवा दिवस, २०२४ मनाउने सम्बन्धमा।

प्रस्तुत विषयमा संयुक्त राष्ट्रसंघको सन् १९९९ को साधारण सभाको निर्णय पश्चात सन् २००० देखि हरेक वर्ष अगष्ट १२ का दिन विश्वव्यापी रुपमा अन्तर्राष्ट्रिय युवा दिवस मनाउँदै आएको व्यहोरा अवगत गराउन चाहान्छौं। सोही सन्दर्भमा राष्ट्रिय युवा परिषद्ले स्थापना वर्ष देखि नै सप्ताहव्यापी रुपमा विभिन्न कार्यक्रमहरुको आयोजना गरी उत्सवमय ढंगले यस दिवस मनाउँदै आएको छ। संयुक्त राष्ट्र संघले सन् २०२४ का लागि “From Clicks To Progress: Youth Digital Pathways For Sustainable Development” भन्ने अन्तर्राष्ट्रिय नारा तय गरेको सन्दर्भ सहित तहाँ मन्त्रालय मार्फत सबै प्रदेश र स्थानीय तहका युवा हेर्ने निकायहरुलाई मिति २०८१ श्रावण २८ गते सोमबार (तदनुसार १२ अगष्ट, २०२४) का दिन युवा लक्षित विविध कार्यक्रमहरुको आयोजना गरी अन्तर्राष्ट्रिय युवा दिवस मनाउने प्रसङ्ग जानकारी गराइदिने व्यवस्थाका लागि हार्दिक अनुरोध छ।

स्थानीय तह समन्वय शाखा
पत्राचार

४/२४

दिनेश घिमिरे
प्रशासकीय प्रमुख